आज मिति २०८१-०७-१२ गते आईतबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको चौथो (आ.व. २०८१/०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (१ .वडा नं) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं. ७) | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री पुष्प राज भट्ट | योजना शाखा प्रमुख | |

CamScanner

मितिः २०८१ कार्तिक १२ गते आईतबार

के.आई.सिंह गाउँ गाउँपालिकाको कार्यालय, चापल, डोटी, सुदूरपश्चिम प्रदेश, नेपाल, २०७३

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः४

**प्रस्तावहरुः**

१) लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

२) गरिबसँग विश्वेश्वर कार्यक्रम संचालन सम्बन्धमा।

३) राहत वितरण सम्बन्धमा।

४) अस्थायी क्रसर संचालनको अनुमती प्रदान गर्ने सम्बन्धमा।

५) बर्थिङ सेन्टर संचालन सम्बन्धमा।

६) क्रिकेट प्रतियोगिता संचालन गर्ने सम्बन्धमा।

७) शिक्षक दरबन्दी सम्बन्धमा।

८) सर्वेक्षक पदपूर्ति गर्ने सम्बन्धमा।

९) क्रिकेट प्रतियोगिता संचालनमा सहयोग गर्ने सम्बन्धमा।

**निर्णयहरूः**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आन्तरिक लेखापरीक्षकले आ.व.०८०-०८१ को आर्थिक कारोबारहरूको श्रेस्ताको लेखापरीक्षणमा औंल्याइएका बेरूजुको सम्बन्धमा छलफल गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत गरिब सँग विश्वेश्वर कार्यक्रममा गत आर्थिक वर्ष देखि नै बजेट स्वीकृत भई अन्तरसरकारी अख्तियारी अन्तर्गत बजेट निकासा भएको हुँदा उक्त कार्यक्रम संचालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पुरा गरि नियमानुसार सेवा करारमा उक्त पदमा कर्मचारी भर्ना गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०८१ असोज १२ देखि परेको अविरल वर्षाका कारण धानवाली पूर्ण रूपमा क्षति भएका र घर, गोठ तथा पशुमा ठूलो क्षति व्यहोरेका परिवारलाई के.आई.सिंह गा.पा.को आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी मापदण्डको अधीनमा रही राहत वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा construction and upgrading work of Sahajpur-Bogtan-Dipayal Road(Basudevi-Matghar Section) (Chainage 28+700 to 49+080) को निर्माण कार्यका लागि आवश्यक पर्ने Crusher Run Material उत्पादन गर्नका लागि पूर्वाधार विकास कार्यालय, डडेल्धूराबाट सिफारिस भई आएकोले श्री राजेन्द्र-तेज-दुनिला जे.भि., धनगढी-०५, कैलालीलाई बार्षिक ४५,०००(पैंचालिस हजार) रूपैया नवीकरण शुल्क हुने गरी उक्त ठेक्का अवधी २०८३ असाढ २३ सम्मका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा के.आई. सिंह गा.पा. वडा नं. ६ मा रहेको बर्थिङ सेन्टरको भवन गाउँपालिकाको नाममा रहेको जग्गामा बनेको र सम्बन्धित जग्गाधनिबाट उक्त जमीन खाली गर्न अनुरोध भै आएकोले उक्त बर्थिङ सेन्टर संचालनका लागि आवश्यक पर्ने भवन भाडामा लिई संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गर्दा के.आई.सिंह गा.पा.ले तेस्रो वडा स्तरीय क्रिकेट प्रतियोगिता यही कार्तिक २६ गते देखि २८ गते सम्म गर्ने र तपशील अनुसार पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो।

मितिः २०८१ कार्तिक १२ गते आईतबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः४

तपशीलः

प्रथम पुरस्कारः ४०,०००|-(चालिस हजार)
द्धितिय पुरस्कारः २५,०००|-(पच्चिस हजार)

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूको शैक्षिक विकासका लागि संघीय शिक्षण सिकाई अनुदान तपशीलका विद्यालयहरूलाई देहाय अनुसार वितरण गर्ने निर्णय गरियो ।

तपशीलः

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | बिषयको नाम | संख्या |
|---|---|---|---|
| १ | रामेश्वर आ.वि. , वडा नं. १ | गणित | १ |
| २ | वाशुदेवी सार्वजनिक आ.वि., वडा नं. ३ | गणित | १ |
| ३ | वाशुदेवी मा.वि., वडा नं. ३ | अंग्रेजी | १ |
| ४ | मष्टेश्वर आ.वि., वडा नं. ५ | गणित | १ |
| ५ | भुवनेश्वरी मा.वि., वडा नं. ५ | अंग्रेजी | १ |
| ६ | देवस्थल मा.वि., वडा नं. ६ | अंग्रेजी | १ |

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा के.आई.सिंह गा.पा.मा जग्गा सम्बन्धी विवाद समाधान तथा जग्गाको नापजाँच गर्नका लागि सर्वेक्षक आवश्यक रहेकोले सोको व्यवस्थापनका गर्न करार सेवामा सर्वेक्षकको पदपूर्ति गर्नुपर्ने भएकोले सोको लागि १(एक) जनाको अस्थायी दरबन्दी सिर्जना गर्ने र यथाशिघ्र पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा रोयल राजपुर क्रिकेट क्लब, डोटीले मिति २०८१-०७-०८ गते देखि प्रदिप सिंह स्मृति कप-२ क्रिकेट प्रतियोगिता आयोजना गरेको र आर्थिक सहयोगका लागि यस गाउँपालिकालाई अनुरोध गरेकोले उक्त रोयल राजपुर क्रिकेट क्लबलाई रू. २०,०००(बिस हजार) मात्र सहयोग गर्ने निर्णय गरियो ।